शब्द : भागवत आचार्य
संगीत : राजु सिंह
स्वर : दीपक लिम्बु र पारु लामा

# नोटलाई जतन गरौँ

जतन गरौँ, जतन गरौँ, नोटलाई जतन गरौँ
सम्पत्ति यो हाम्रो हो, नोटलाई माया गरौँ

नोट हाम्रो सभ्यता, नोट नै देशको सम्मान
सफा नोट प्रयोग गर्दा खुसी हुन्छ यो मन
कोर्ने भाँच्ने नगरौँ, नभिजाऊँ, नरङ्गाऊँ
प्वाल पार्नु हुन्न है, कच्याक-कुचुक नपारौँ

सिधा राखौँ, सफा राखौँ नोटलाई जतन गरौँ
सम्पत्ति यो हाम्रो हो नोटलाई माया गरौँ

हाम्रो नोट हाम्रा लागि संस्कृति र पौरख
नोटभित्र झल्कन्छ है हाम्रो देशको गौरव
छाप्न, ल्याउन नोटलाई, देशभर लान नोटलाई
देशको खर्च धेरै पर्छ थोत्रा नोट धुल्याउनलाई

बढाऊँ आयु नोटको जतन गरी नोटलाई
बचाऊँ खर्च देशको माया गरी नोटलाई